सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

धादिङ जिल्ला अदालतका जिल्ला न्यायाधीश देवेन्द्र पौडेलको मिति २०७८ साल जेठ २१ गते शुक्रबार विहान भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। जिल्ला न्यायाधीश पौडेलको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। जिल्ला न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न एवम् न्याय र कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनु भएको योगदान अतुलनीय रहेको छ। कानूनको क्षेत्रमा दखखल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय पौडेल न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

झापा जिल्लामा वि.सं. २०२१ साल साउन ५ गते जन्मनु भएका जिल्ला न्यायाधीश पौडेलले २०५०।०४।०१ देखि नेपाल न्याय सेवामा शाखा अधिकृतको पदबाट सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ मिति २०७०।०२।२७ मा जिल्ला न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो।

उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ। यस दुःखद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको छ।

धादिङ जिल्ला अदालतका जिल्ला न्यायाधीश देवेन्द्र पौडेलको असामयिक निधनमा शोक मनाउन यही मिति २०७८ जेठ २३ गते आइतबार उहाँ कार्यरत धादिङ जिल्ला अदालत शोक विदाको रुपमा बन्द रहने भनी सर्वोच्च अदालतको मिति २०७८।०२।२१ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरासमेत जानकारी गराइन्छ।

मिति : २०७८।०२।२१

देवेन्द्र ढकाल
सह-प्रवक्ता